दर्ता नं. ४/१९(१)/०५१/०५२

सहकारीमा सुशासन : प्रविधि र एकीकरण

# २९ औं वार्षिक साधारण सभा










"समुदायको पहिलो रोजाइको दिगो सहकारी"

# वार्षिक प्रगति प्रतिवेदन २०८०/०८१ | ANNUAL REPORT 2023/024

## विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## Biswasilo Saving & Credit Co-operative Society Limited

BISACCOS

नेफस्कून


Email: cbsacos@yahoo.com
biswasilosaccos@gmail.com

केन्द्रीय कार्यालय : ठाकुरबाबा नगरपालिका-८, मढेला, बर्दिया
www.bswasilo.com.np

# मिति २०७७/१०/१७ गते निर्वाचित सञ्चालक समिति



**अध्यक्ष**
चित्र प्रसाद खनाल
९८६२४७३१००



**उपाध्यक्ष**
शिवलाल खत्री
९८४८०१३५६२



**सचिव**
कुमारी विजया खनाल
९८६८२१८७७०



**कोषाध्यक्ष**
सरिता चौधरी
९८४९३४३५२२



**सदस्य**
प्रेम प्रसाद लम्साल
९८६४३५२८७७



**सदस्य**
शोभा चौधरी
९८६६७७४५९१



**सदस्य**
भुवनेश्वर घमला
९८४८१४७३३९



**सदस्य**
धनसरा शर्मा
९८६४९०८२८४



**सदस्य**
उमा मल्ल
९८४२३२७७८७



**सदस्य**
विरभान बडुवाल
९८६८०१६०५७



**सदस्य**
प्रेमा बुढा
९८४२३६४७७३



**सदस्य**
गंगा थारु
९८००५१८९२९



**सदस्य**
रिता वि.क.
९८६७४३०४७४



**सदस्य**
धनसरा वि.क.
९८४८१२८८५३



**सदस्य**
शुसिला चौधरी
९८४८१९०५४६



**सदस्य**
गणेश अर्याल
९८६६२२७७२४



**सदस्य**
बसन्ती थारु
९८२२५७७२७१



**सदस्य**
तुलाराम चौधरी
९८६६९५८०५५



**सदस्य**
पार्वती वि.क.
९८४७६१५४३३

दर्ता नं. ४/१९(१)/०५१/०५२
सहकारीमा सुशासन : प्रविधि र एकीकरण
विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Biswasilo Saving & Credit Co-operative Society Limited
NEFSCUN

प.स./च.नं. ०८०/०८१/५२ मिति : २०८१/०५/१३

**विषय : साधारण सभामा उपस्थित हुने सम्बन्धमा ।**

श्री सम्पूर्ण शेयर सदस्यज्यूहरु

प्रस्तुत विषयमा यस संस्थाको मिति २०८१।०५।०९ मा बसेको संस्था सञ्चालक समितिको बैठकको निर्णयानुसार संस्थाको २९ औं वार्षिक साधारण सभामा तपसिलका प्रस्तावहरुमाथि छलफल तथा निर्णय गर्नका लागि तपशिलको स्थान र मितिमा सम्पन्न हुने भएकाले उक्त सभामा बिहान ११:०० बजे सदस्यहरुको प्रमुख दायित्व मनन गरी अनिवार्य उपस्थित भइ दिनुहुन हार्दिक अनुरोध गरिन्छ । साथै उपस्थित हुने सदस्यलाई यातायात खर्च वापत रु ३००।- उपलब्ध गराइने व्यहोरा जानकारी गराइन्छ। साथै २९ औं वार्षिक साधारण सभाको प्रतिवेदन अध्ययन गरी साधारण सभामा सुझाब प्रदान गर्नहुन अनुरोध गरिएको छ। साधारण सभा अगावै नियमित मासिक बचत र तिर्नुपर्ने ऋणको किस्ता र ब्याज समेत बुझाई दिनुहुन समेत जानकारी गराईन्छ। साधारण सभामा पासबुक अनिवार्य ल्याउनुपर्ने व्यहोरा पनि जानकारी गराईन्छ।

**२९ औं वार्षिक साधारण सभाका प्रस्तावहरु:**

- साधारण सभाको निर्णय पुस्तिका प्रमाणितका लागि प्रतिनिधि छनोट सम्बन्धमा ।
- आ.व.२०८०।०८१ को वार्षिक लेखापरिक्षण प्रतिवेदन पारित सम्बन्धमा ।
- आ.व. २०८०।०८१ को प्रगति प्रतिवेदन तथा आगामी वर्षको नीति तथा कार्यक्रम सम्बन्धमा ।
- लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
- आ.व. २०८१।०८२ को वार्षिक कार्ययोजना तथा बजेट पारित सम्बन्धमा ।
- आ.व.२०८१।०८२ को लागि वाह्य लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धमा ।
- सञ्चालक समितिले गरेका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
- संशोधित नीति तथा कार्यविधि अनुमोदन सम्बन्धमा ।
- सहकारी एकीकरण सम्बन्धमा ।
- संस्थाले विभिन्न वित्तीय संस्था, बैंक तथा केन्द्रीय संघबाट ऋण लिन सक्ने सम्बन्धमा ।
- विनियम संशोधन सम्बन्धमा
- समितिको निर्वाचन/सर्वसम्मतबाट प्रतिनिधिले समिति गठनको निर्णय प्रमाणित सम्बन्धमा ।

मिति : २०८१।०६।......... गते

स्थान :.....................

चित्र प्रसाद खनाल

Email: cbsacos@yahoo.com
biswasilosaccos@gmail.com
Website: www.bswasilo.com.np
केन्द्रीय कार्यालय : ठाकुरबाबा नगरपालिका-८, मढेला, बर्दिया

## संस्थाको संक्षिप्त जानकारी

विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लि. बर्दिया जिल्ला अन्तर्गत बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गत पर्ने लुम्बिनी प्रदेश बर्दिया जिल्ला ठाकुरबाबाको तपोभूमिको नामले परिचित ठाकुरबाबा न.पा.को वडा नं. ८, मढेलामा अवस्थित छ । बर्दिया राष्ट्रिय निकुञ्जले यस क्षेत्रलाई विश्वभरि चिनाएको छ। यहाँ अन्य जातिकोभन्दा थारु जातिको बहुल्यता छ। २०८१ असार मसान्त सम्म संस्थामा महिला १५१३० ,पुरुष ६५६५ र समूह ११२ वटा गरी जम्मा २१,८०७ जना शेयर सदस्य छन् । संस्थाको कार्यक्षेत्र बर्दिया जिल्लाका सबै स्थानीय तहमा रहेको छ । संस्थाको कार्य क्षेत्रमा ५०% निम्न आयस्तर भएका मानिसहरुको बसोबास रहेको छ । यहाँका मानिसहरु ८०% कृषिमा आधारित छन् ।

**यस संस्थाको संक्षिप्त जानकारी यस प्रकार रहेको छ ।**

**१) सुरुवात** :- बचत समूह गठन भएर ।

**२) सहयोगी संस्था** :- साप नेपाल ।

**३) दर्ता मिति** :- २०५२/०२/०३ ।

**४) दर्ता भएको जिल्ला** :- डिभिजन सहकारी कार्यालय गुलरिया, बर्दिया ।

**५) दर्ता नं.** :- ४/१९(१)०५१/०५२

**६) पा.नं.** :- ३०३२९४१६४

**७) संस्थापक सदस्यहरु :–**

१) राधा चौधरी
२) निमप्रसाद थारु
३) साईती थारु
४) तुलसीराम थारु
५) मटराम चौधरी
६) उमा शाह
७) दिलबहादुर पाण्डे
८) रामप्रसाद भट्टराई
९) वासुदेव भट्टराई
१०) कृष्णप्रसाद भट्टराई
११) विना भट्टराई
१२) नमान सिंह थापा
१३) दुखिराम थारु
१४) लालबहादुर थारु
१५) आनन्द विक्रम शाह
.१६) खड्गबहादुर खड्का
१७) देशु थारु
१८) कृतिरुप भण्डारी
१९) महेशकुमार चौधरी
२०) जगतराम उपाध्याय
२१) कविता शर्मा
२२) सिता गौतम
२३) कलिराम चौधरी
२४) सुरत बहादुर शाह
२५) दिनेश चन्द्र गौतम
२६) रामबहादुर थापा
२७) डम्बरबहादुर थारु
२८) सितादेवि भट्टराई

**८) संस्थापक अध्यक्ष :–** खड्गबहादुर खड्का

**९) हालसम्मका अध्यक्षहरु :–**

१) खड्ग बहादुर खड्का (तदर्थ समिति) २०५२/०२/०३ देखि २०५२/०५/०५ सम्म
२) विना भट्टराई २०५२/०५/०६ देखि २०५४/०८/१५ सम्म
३) देशु थारु २०५४/०८/१६ देखि २०७७/१०/१६ सम्म
४) चित्र प्रसाद खनाल २०७७/१०/१७ देखि हालसम्म

**१०) कर्मचारी प्रमुखको व्यवस्था :–**

१) २०५२/०२/०३ देखि २०५४/०९/३१ सम्म सञ्चालक समितिबाट सञ्चालित

२) २०५४/१०/०१ देखि २०५६/०५/१५ सम्म कालिचरण थारु (अतिरिक्त समय)

३) २०५६/०५/१६ देखि लोकप्रसाद उपाध्याय (व्यवस्थापक)

४) २०७१/०९/१६ देखि हालसम्म कृष्णप्रसाद शर्मा (प्रमुख कार्यकारी अधिकृत)

५) २०८१/०३/३१ सम्म कर्मचारी संख्या ६५ जना ।

**११) संस्थाको कार्य क्षेत्र :–** बर्दिया जिल्लाका सबै स्थानीय तहहरु (ठाकुरबाबा न.पा., मधुवन न.पा., बारबर्दिया न.पा., राजापुर न.पा., गुलरिया न.पा., बाँसगढी न.पा., गेरुवा गा.पा. र बढैयाताल गा.पा.) र बाँके जिल्लाको केही स्थानीय तहहरु (बैजनाथ गा.पा., कोहलपुर न.पा. र नेपालगन्ज उ.न.पा)

**१२) सुरुवातको बचत दर :–** दैनिक ५० पैसा पर्ने गरी मासिक रु.१५।-

**१३) संस्थामा हालसम्म बनेका नीति निर्देशिका, कार्यविधिहरु :–**

| **नीतिहरु** | **निर्देशिका र कार्य विधिहरु** |
|---|---|
| १. बचत नीति | १. विश्वासिलो समृद्ध किसान महिला उद्यमी कार्यक्रम सञ्चालन निर्देशिका |
| २. ऋण नीति | २. सदस्य सेवा निर्देशिका |
| ३. आर्थिक प्रशासन नीति | ३. प्रोत्साहन निर्देशिका |
| ४. मानव संसाधन नीति | ४. नगद तथा तरलता व्यवस्थापन कार्यविधि |
| ५. सदस्यता राहात नीति | ५. साधारण सभा सञ्चालन कार्यविधि |
| ६.सदस्यता नीति | ६. सेवाकेन्द्र सञ्चालन कार्यविधि |
| ७. कोष परिचालन नीति | ७. बैठक सञ्चालन कार्यविधि |
| ८. निर्वाचन नीति | ८. सुचना प्रकाशन सम्वन्धी कार्यविधि |
| ९. शुसासन नीति | ९. सानो नगदी कोष सञ्चालन कार्यविधि |
| १०. बाह्य ऋण नीति | १०. सदावहार काउण्टर सञ्चालन कार्यविधि |
| | ११. सूचना प्रविधि कार्यविधि |
| | १२. व्यापारीक छुट कार्यविधि |
| | १३. कार्यालय व्यवस्थापन 5s कार्यविधि |
| | १४. सम्पति शुद्धीकरण निवारण कानुन पालना सम्बन्धी कार्यविधि |
| | १५. संगठन तथा सामान्य आन्तरिक कार्यविधि २०७९ |

**क. परिकल्पना** (Vision) "समुदायको पहिलो रोजाईको दिगो सहकारी" The community's first sustainable cooperative .

**ख. ध्येय** :- (Mission)

सदस्यहरुको आवश्यकता केन्द्रित प्रतिस्पर्धी मुल्यमा प्रविधिमैत्री गुणस्तरीय सेवा प्रदान गर्ने ।

### ३. उद्देश्य :–

**अ) दिर्घकालीन उद्देश्यहरु :–**

- संस्थामा संलग्न सदस्यहरुमा मितव्ययिताको भावना जागृत गराई नियमित बचत गर्ने बानीको विकास गर्ने ।
- सदस्यहरुको व्यक्तिगत एवं सामुहिक क्षमता अभिबृद्धि गरी स्वावलम्वी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुऱ्याउने ।
- सदस्यहरुको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलक क्षेत्रमा सदस्यहरु मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको पुँजीको उपयोग बढाउने ।
- सदस्यहरुको दैनिक जीवनका विविध क्षेत्रमा संस्थागत सहयोग पुऱ्याउने खालका सेवामूलक कार्यक्रमहरु सञ्चालन गरी सहकारिताको महत्व स्थापित हुने काम समुदायमा प्रदर्शित गर्ने ।
- सहकारी मार्फत उद्यमशिलतको विकास गर्न स्थापना हुने विशिष्टिकृत सहकारी संघहरुमा सहभागी हुने ।

**आ) अल्पकालिन उद्देश्यहरु: संस्थाको पञ्चवर्षिय रणनीतिक योजनाका लक्ष्यहरु**

- भाखा नाघेको ऋण असुली गर्ने ।
- रु.१५ करोड शेयर पुँजी पुऱ्याउने ।
- रु.१० करोड जगेडा कोष पुऱ्याउने ।
- रु.१४० करोड ऋण लगानी गर्ने ।
- रु.१२० करोड बचत पुऱ्याउने ।
- सेवाकेन्द्र ३० वटा पुऱ्याउने ।
- कार्यक्षेत्र २ वटा जिल्लासम्म पुऱ्याउने ।
- कर्मचारी १०० जना पुऱ्याउने ।
- सदस्य ४० हजार पुऱ्याउने ।
- २०००० जनालाई सहकारी शिक्षा तथा विस्तारित मञ्च र वित्तीय शिक्षा दिने ।
- १०० वटा कृषि उद्यमी समूह सञ्चालन गराई १००० जना सदस्यलाई उद्यमी सदस्य बनाउने ।
- सेवाप्रदायक संस्थासँग समन्वय गरी कोपकार्ड सुविधाका लागि १००० वटा कार्ड सञ्चालन गर्ने ।
- १०००० सदस्यलाई मोवाईल एप्समा सहभागी गराउने ।
- समिति, उपसमितिलाई ३ वटा तालिम सहभागी गराउने ।
- शेयर सदस्य, कर्मचारी तथा सञ्चालकका लागि ३ वटा अध्ययन अवलोकन भ्रमण गर्ने ।
- त्रैमासिक समिक्षा कार्यक्रम गर्ने ।
- वाह्य ऋणको अनुपात ५ प्रतिशतभन्दा कम गर्ने ।
- भाखा नाघेको ऋण ५ प्रतिशतभन्दा कम कायम गर्ने ।
- बिदालय स्तरीय ५ वटा संरक्षण शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- वार्षिक रुपमा २ पटक रक्तदान कार्यक्रम गर्ने ।
- वार्षिक रुपमा पालिका स्तरमा ४ जनाका दरले छात्रबृत्ति कार्यक्रमलाई निरन्तरता दिने ।
- सदस्य राहत कार्यक्रमलाई निरन्तरता दिदै ऋण बिमा कार्यक्रमलाई सदस्य राहत कार्यक्रममा जोडि संस्था आफैले सञ्चालन गर्ने । यस बचतलाई कोषमा रुपान्तरण गर्ने ।

- दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिने ।
- लघुवित्त कार्यक्रमलाई किसान समृद्धि महिला लघुउद्यम कार्यक्रममा रुपान्तरण गर्ने ।
- कर्मचारीका लागि वार्षिक रुपमा ४ वटा तालिम सञ्चालन गर्न केन्द्रीय संघ तथा सहकारी बैंकसंग सम्झौता गर्ने ।
- कृषि कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्न एउटा गाडी खरिद गर्ने ।
- ५ वटा क्षेत्रीय सेवाकेन्द्र बनाउने ।
- क्षेत्रगत रुपमा वार्षिक स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गर्ने ।
- प्रोवेशन कार्यक्रमको सक्सिड ब्राण्ड लिने ।
- एक्सेस कार्यक्रममा सहभागी हुने ।
- २५ वटा सेवाकेन्द्रको सम्भाव्यता अध्ययन गर्ने ।
- औषत कुल सम्पतिको अनुपातमा २ प्रतिशत शुद्ध नाफा कायम गर्ने ।
- आन्तरिक लेखापरिक्षणका लागि विज्ञसंग सम्झौता गर्ने ।
- वार्षिक रुपमा १० प्रतिशत सदस्यको सन्तुष्टि सर्वेक्षण गर्ने ।
- वार्षिक साधारण सभा हुने मिति तोकिएको सार्वजनिक सुचनाको माध्यमबाट जानकारी दिने ।
- संगठनात्मक संरचनामा विभागहरु व्यवस्था गर्ने ।

**आवद्धता :**

१. जिल्ला बचत तथा ऋण सहकारी संघ, बर्दिया
२. जिल्ला सहकारी संघ, बर्दिया
३. नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ, काठमाण्डौ
४. राष्ट्रिय सहकारी बैंक, काठमाण्डौ

# अध्यक्षको मन्तव्य



**चित्र प्रसाद खनाल**

अध्यक्ष

यस संस्थाको ऐतिहासिक २९ औं वार्षिक साधारण सभाका मुख्य आकर्षक लब्ध प्रतिष्ठित व्यक्तित्व प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, समाज परिवर्तनका संवाहक सबै राजनैतिक दलका प्रमुख वा प्रतिनिधि आदरणीय व्यक्तित्व, यस कार्यक्रमका विशेष अतिथिज्यू, स्थानीय सरकारका समाजसेवी जनप्रतिनिधि आदरणीय अतिथिज्यूहरु, सहकारी तथा अन्य संघ संस्थाबाट पनु भएका आदरणीय अतिथिज्यूहरु, यस संस्थाका स्वप्नदर्शी अग्रज आदरणीय संस्थापकज्यूहरु, स्थापना कालदेखिका परम आदरणीय पूर्वपदाधिकारी सञ्चालकज्यूहरु, पूर्व लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु, आदरणिय व्यक्तित्व लेखासुपरिवेक्ष समितिका कार्यवाहक संयोजक र सदस्यज्यू, सल्लाहकारज्यूहरु, सत्यको आधारमा तथ्यको खोजगर्न निपूर्ण समाजका सर्जक सम्पूर्ण आदरणिय पत्रकारज्यूहरु, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा उपसमितिका संयोजक एवं सदस्यज्यूहरु, संस्थाका चार वटै इलाकाका व्यवस्थापन उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, इलाका प्रमुख तथा उप प्रमुख ज्यूहरु, सबै सेवा केन्द्रमा कार्यरत सम्पूर्ण कर्मचारीज्यूहरु, मुख्यतः यस संस्थाका मालिक सर्वाधिक सम्मान योग्य तपाईं सम्पूर्ण शेयर सदस्यज्यूहरुमा संस्थाको तर्फबाट र मेरो व्यक्तिगत रुपमा स्वीकार्नुहोस् न्यानो सहकारी अभिवादन तथा जय सहकारी ।

यस संस्थाको ऐतिहासिक २९ औं वार्षिक साधारण सभामा यहाँहरुका समक्ष संस्थाले विविध चुनौति र अप्ठेराहरुको सामना गर्दै समय समयमा गरेका संस्थागत महत्वका निर्णय, काम, कारवाही तथा संस्था सञ्चालनमा केही भए गरेका कमी कमजोरीप्रति क्षमा याचना गर्दै सच्याउन सहयोगको अपेक्षा राख्दै सगर्व मन्तव्य राख्न नमन निवेदन सहित अनुमति चाहन्छु । प्राचिन कालदेखि नै मानव सभ्यताको विकासक्रम नदी सभ्यतासँग अविछिन्न रुपमा जोडेर अध्ययन तथा विश्लेषण गर्दा तार्किक निष्र्कषमा पुग्न सकिन्छ । बर्दिया जिल्लाको सन्दर्भमा पनि खोज अध्ययन गरिनु पर्ने अनुत्तरित यक्ष प्रश्नहरु छन् । यस जिल्लाको भूगोलको गर्भमा लुकेका प्राचिन कालदेखिका भाषा संस्कृति बसोबास, धर्म भेष भूषा तीन देशीय व्यापारको इतिहास उत्पादन, पर्यटन आदि विषय हिजो आज र भोलिकालागि पनि खोज, स्मरण योग्य र मननीय छ ।

बर्दिया जिल्ला, राज्यको पुनःसंरचना (भू-मिलान) मा लुम्बिनी प्रदेशको आरम्भ र अन्तिम जिल्लाका रुपमा रहेको छ । साथै यहाँ २ प्रतिनिधि सभा ४ प्रदेश सभा, निर्वाचन क्षेत्र निर्धारण हुनुकासाथै ६ वटा नगरपालिका र २ वटा गाउँपालिका क्रियाशील रहेका छन् । बर्दियामा सबै जातजाति, भाषा, संस्कृति, धर्म, भेषभुषाको सुन्दर समायोजन हुनुकासाथै आदिवासी जनजाती थारु समुदायको सघन बाहुल्यता र बसोवास रहेको यथार्थता लुकेको छैन ।

बर्दियामा कृषि, पर्यटन र तीन देशीय व्यापारको क्षेत्रमा श्रेष्ठता हासिल गर्नसक्ने सुन्दर सम्भावना र उज्ज्वल भविष्य निर्माणको आकलन गर्न सकिन्छ । यस संस्थाको जननी जन्मभूमि लुम्बिनी प्रदेशको आरम्भ र अन्तिम पालिका मध्येको एक ठाकुरबाबा नगरपालिकाका सबै वडा सहकारी सञ्चालनमा उर्वर र अनुकरणीय हुनुका साथै उन्नत भौगोलिक हिसाबले विश्वकै प्रकृतिप्रेमी पर्यटकहरुको पहिलो रोजाइमा पर्दछन् । विशेष गरी ८ र ९ नं. वडाको समुच्च योगदान रहेको साविकको ठाकुरद्वारा गा.वि.स. प्रयार्पयटनका दृष्टिले निकुञ्जमा सानो ठाउँमा सबै प्रजातिका वन्यजन्तुहरुको प्रत्यक्ष दृश्यावलोकन गर्न सम्भव हुनु, आरामदायी आवास खानपिन प्राकृतिक रम्य वातावरणका कारण यस क्षेत्रको शान, सौर्य र सौन्दर्यको चर्चा परिचर्चा देश विदेश यत्रतत्र र सर्वत्र विश्वव्यापी हुने गर्दछ । यसै भूगोलको उज्ज्वल भविष्य, समाजलाई परिवर्तन गरी आफ्ना शेयर सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक पर्यावरणीय, विकास र उन्नतिका लागि स्वप्नदर्शी २८ जना समाजसेवी अग्रजहरुको सक्रिय पहलमा २०५२ जेठ ३ गतेका दिन डिभिजन सहकारी कार्यालय गुलरिया बर्दियामा गई विधिवत दर्ता गरी सञ्चालनमा आएको थियो ।

समयको आरोह अवरोह घुम्ती र मोड हुँदै यस संस्थाले संस्थागत जीवनका २९ औं स्वर्णिम बसन्त पार गर्नुका साथै सानदार रजत वर्ष पार गर्दै बर्दिया जिल्लाका सबै पालिकामा सेवा विस्तार गरी बाँके जिल्लाका तीन पालिका वैजनाथ गा.पा., कोहलपुर न.पा., नेपालगंज उ.म.न.पा.मा कार्यक्षेत्र विस्तार गरी अविराम गतिमा अगाडि बढीरहेको सत्यतथ्य स्मरण गराउन चाहन्छु । यसका साथै ६७ औं सहकारी दिवसको मूल नारा **"सहकारीमा सुशासनः प्रविधि र एकिकरण"** भन्ने नाराको अर्न्तयमा रहेको मर्मवोध गर्दै विश्वासिलो साकोसले पञ्चवर्षीय रणनीतिक व्यवसायिक योजना अन्तर्गत बर्दिया जिल्लाको ५१% जनसंख्यामा यस संस्थाको नाम, वस्तु र सेवाका विषयमा व्यापक सन्देश सञ्चार गराउन हरहर विश्वासिलो घरघर विश्वासिलोमा रुपान्तरण गर्न अभियानको नारा : **आजको आह्वान प्रविधि र एकिकरणमा सहकार्य ! सहकारी बीच सहयोग अपरिहार्य ॥**

सहकारी मूल्य मान्यता एवं सिद्धान्तहरुको परिपालना गर्ने गराउने निर्दिष्ट उदेश्यको आलोकमा संस्थाको आफ्नै विशिष्ट मूल्य अर्न्तगत सहकार्यबाद पूर्वाग्रह रहित अन्वेषण संश्लेषण र विश्लेषणसहित श्रृष्टि, ज्ञान एवं मनोविज्ञान मिमांसालाई स्थापित गर्दै विगतमा वरदानका रुपमा स्थापित लघुवित्त कार्यक्रमको अहिले ज्वलन्त समस्या भएकाले सो को स्थानमा किसान समृद्धि महिला उद्यमी कार्यक्रम विनियममा पारित गरिसकेको जानकारी गराउँदछु । कोभिड १९ पछि विश्व अर्थतन्त्रमा परेको प्रभावले नेपालमा पनि वित्तिय क्षेत्रमा प्रभाव पर्न गएको सबैलाई थाहा नै छ । जसले गर्दा व्यापार व्यवसायहरु धरासायी भै कतिपय ऋणी सदस्यहरु विदेश वा देशकै पनि विभन्न भुभागमा रही सम्पर्कविहिन रहेको र कतिपय ऋणीहरुको तत्काल ऋण तिर्न सक्ने अवस्था नभएको र लघुवित्त तथा सहकारीका विरुद्ध संर्घष समिति, ऋण तिर्नु पर्दैन भन्ने जस्ता भ्रम सिर्जना भएकोले यस संस्थालाई समेत ऋण असुलीमा समस्या पैदा भई हाल ऋण जोखिम कर्जा अनिवार्य व्यवस्था गर्नुपर्ने कानुनी प्रवाधानका कारणले योजना बमोजिम शेयर लाभांश दिन सक्ने अवस्थामा नभएको अनुरोध गर्दछु ।

संस्थागत स्वप्न प्राप्तीका लागि नजिकबाट संस्थाको रेखदेख निगरानी नियन्त्रण र परिचालनका लागि बर्दिया जिल्लालाई ४ वटा इलाकामा रुपान्तरण गरी संस्था विधिवत रुपमा

अघी बढिरहेको छ । आज हामी यस संस्थाको २९ औं वार्षिक साधारण सभामा उपस्थित भइरहेका छौं । यस साधारण सभाको मुल नारा **"हाम्रो विश्वास, हाम्रो विश्वासिलो"** रहेको छ । विगतका वर्षहरुमा विभिन्न कठिनाइहरु भ्भेल्दै संस्था आज यस अवस्थामा आईपुगेको छ । २८ जना शेयर सदस्यबाट सुरुवात भएको यस संस्थामा हाल आएर २१,८३४ जना शेयर सदस्य पुगेका छन् ।

शेयर सदस्यकहरुको सक्रियता, सञ्चालक र कर्मचारीहरुमा इमान्दारिता तथा लगनशीलताको मिलनबाट नीति, विधि र नविनतम प्रविधिमा आधारित समुदायको पहिलो रोजाईको सक्षम, दिगो प्रविधि मैत्री वित्तिय साकोस निर्माणको अभियानमा हामी लागिरहेका छौं । यस अभियानमा विशेष गरी संस्थाका वास्तविक मालिक शेयर सदस्यज्यूहरुको गतिशील सघन सहयोगको अपेक्षा संस्थाले गरेको छ । संस्था ९ वर्षदेखि प्रोवेशन कार्यक्रममा सहभागी रहेको सबैलाई विदितै छ । यस कार्यक्रमलाई सफल गरी एक्सेस ब्राण्डमा लैजाने दीर्घकालीन सोंच राखिएको छ । यस संस्थाको कार्य क्षेत्र बर्दिया जिल्लाका सबै स्थानीय तहमा पुर्‍याइएको छ भने बाँके जिल्लाका ३ वटा पालिका बैजनाथ गा.पा., कोहलपुर न.पा. र नेपालगञ्ज उ.म.न.पा. कार्यक्षेत्र विस्तार गरिएको छ । केन्द्रीय कार्यालय र सबै सेवा केन्द्रहरुबाट रेमिटान्स, मोबाइल एप्स, इन्टरनेट बैंकिङ्ग सेवा चलाउँदै आएकोमा यसलाई अझै व्यवस्थित गरी सुविधा दिइनेछ ।

अन्त्यमा २९ औं वार्षिक साधारण सभामा समयको चाप र व्यस्तताका बीच उपस्थित भई यस सभालाई ऐतिहासिक रुपमा सफल पार्न सहयोग पुर्‍याउनुहुने प्रमुख अतिथि, विशेष अतिथि लगायत अतिथिगण, संस्थाका पदाधिकारी सञ्चालक समितिका साथीहरु, इलाका संयोजक तथा सदस्य साथीहरु लेखा सुपरिवेक्षण समितिका संयोजक लगायत सदस्यज्यूहरु, संस्थाका प्रमुख कार्यकारी, पत्रकार मित्रहरु विभिन्न उपसमितिका साथीहरु, सबै तहका कर्मचारीहरु, संस्थामा भईपरी आएको बेलामा सघाउने सहयोगी हातहरु, शुभ चिन्तक साथीहरु, संस्थाका वास्तविक मालिक शेयर सदस्यज्यूहरु, सबै सबैको सहयोगमा संस्थालाई आजको अभूतपूर्व विस्तारमा पुर्‍याउन सम्भव भएकाले सबैलाई आभार सहित धन्यवाद तथा नजिकिदै गरेको विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । साथै यस साधारण सभाले सवल, सक्षम नेतृत्व सर्वसम्मतबाट चयन गरोस, आगामी समितिमा आउनुहुने नेतृत्वलाई हार्दिक बधाईका साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

***धन्यवाद । जय सहकारी ।***

# आ.व. २०८०/०८१ को प्रगति तथा प्रस्तावित नीति तथा कार्यक्रम २०८१/०८२



**कुमारी विजया खनाल**
सचिव

२९ औं वार्षिक साधारण सभाका अध्यक्षज्यू, यस सभाका प्रमुख अतिथिज्यू, विभिन्न कार्यालय, संघ संस्थाबाट पाल्नुभएका अतिथिज्यूहरु संस्थाका मेरुदण्ड आदरणीय शेयर सदस्यज्यूहरु, केन्द्रीय प्रतिनिधिज्यू, सञ्चालक समितिका मित्रहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु पत्रकार, सुरक्षाकर्मी, संस्थाका सम्पूर्ण कर्मचारी वर्ग र शुभचिन्तक महानुभावहरुमा संस्था र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवं नमस्कार ।

हाम्रो विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लि. २९ औं वसन्त पार गर्दै अगाडि वढेको छ । हाम्रो संस्थाले नेपाल सरकारका ऐन कानुनसँग नबाझिने गरी शेयर सदस्यहरुलाई सुविधा पुऱ्याउने खालका नीति नियम निर्माण गर्दै आफ्ना सेवामुखी कार्य गर्दै आएको छ । राज्यले तीनखम्बे अर्थ नीति अन्तर्गत सहकारीलाई समेटेको कुरा सर्ब वितिदै छ । शेयर सदस्यहरुको आर्थिक, सामाजिक र सँस्कृतीक रुपान्तरणका लागि सदस्य मुखि कार्यक्रमलाई सञ्चालन गर्दै आएको छ । शेयर सदस्यलाई छिटो छरितो सुविधा पुऱ्याउने हेतु सेवा केन्द्रबाटै बचत र लगानीका कार्य गर्ने व्यवस्था पनि यथावत छ । यस संस्थाको कार्य क्षेत्र बर्दिया जिल्लाका सबै स्थानीय तह र बाँके जिल्लाको बैजनाथ गा.पा., कोलहपुर न.पा र नेपालगन्ज उ.म.न.पा. रहेको छ । कार्यक्षेत्रका विभिन्न स्थानमा सेवाकेन्द्र खोली शेयर सदस्यहरुलाई सेवा उपलब्ध गराउँदै आएका छौं । केन्द्रीय कार्यालय र सबै सेवा केन्द्रहरुबाट रेमिटान्स सेवा चलाउँदै आएकोमा यसलाई अझै व्यवस्थित गरी सुविधा दिइनेछ ।

जवसम्म नेपाली नागरीकहरुको आर्थिक सामाजिक र सांस्कृतिक विकास हुँदैन तवसम्म देशले विकासको गति लिन सक्दैन भन्ने वर्तमान नेपाल सरकारको बिचारलाई पछ्याउँदै, हाम्रो संस्था आफ्ना शेयर सदस्यहरुको जीवनशैली परिवर्तनमा कटिवद्ध छ । संस्थाले शेयर सदस्यहरुलाई आय आर्जनका कार्यहरुबाट आत्मनिर्भर हुनु पर्नेमा जोड दिदै आएको छ । सामुहिक जमानीमा विनाधितो ऋण लगानी गर्दै विश्वासिलो समृद्ध किसान महिला उद्यमी कार्यक्रम यसको ज्वलन्त उदाहरण हो । शेयर सदस्य ज्यूहरु ! गत २८ औँ वार्षिक साधारण सभादेखि हालसम्म यस संस्थाबाट भए गरेका कार्य विवरणहरु यहाँहरु समक्ष प्रस्तुत गर्दछु ।

**१. यस आ.व. भित्र गरिने नयाँ कार्य तथा जोखिम न्युनीकरण सम्बन्धी योजना :**

❖ **सदस्य राहत कार्यक्रम** :शेयर सदस्यको परिवार हुने सुखद तथा दुखद कार्यमा संस्थाले सदस्य राहत नीति बमोजिम विभन्न राहत सहयोग उपलब्ध गराउदै आएकोमा सो सुविधालाई अझ सरल र छितो छरितो गरिनेछ । गत साधारण सभा देखि हालसम्म यस प्रकारका विभिन्न राहत सहयोग गरिएको छ ।

| सुविधा | संख्या/जना |
|---|---|
| सदस्यको मृत्यू राहत | ५५ |
| सदस्यको श्रीमान/श्रीमतीको मृत्यू राहत | १७ |
| सुत्केरी सुविधा | १३१ |
| आगलागि राहत | ८ |
| दीर्घ रोगीलाई सहयोग | १४ |
| परिवार नियोजन सुविधा | ३ |
| **जम्मा** | २२८ |

❖ **सदस्य दुर्घटना बिमा कार्यक्रम** : प्रत्येक सदस्यको लागत सहभागितामा ४ लाख बरावरको दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ । हालसम्म दुर्घटनामा पर्नु भएका १९ जना सदस्यहरुलाई रु ४ लाखका दरले बिमा रकम हस्तान्तरण गरिएको छ ।

❖ **ऋणी बिमा कार्यक्रम** : ऋणको जोखिम कम गर्न ऋण लगानी रकम बराबरको ऋण बिमा कार्यक्रम सञ्चालन गरिएको छ । यस कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

❖ **छात्रबृत्ति कार्यक्रम** : आगामी वर्ष प्रति व्यक्ति कक्षा ८ मा १-१ जना छात्र छात्रालाई रु.२५००।– र एस.ई.ई.१-१ जना छात्र छात्रालाई ७५००।– का दरले उत्कृष्ट नतिजा ल्याउने हरेक स्थानीय तहबाट बिदार्थी छनोट गरी छात्रबृत्ति वापत रकम प्रदान गरिनेछ । यस वर्ष यस प्रकारले छात्रबृत्ति वितरण गरिएको थियो ।

| इलाका/सेवाकेन्द्र | रकम रु. |
|---|---|
| ढोढरी इलाका (ढोढरीबाट १ जना एसईई रु.५००० र ओरालीबाट १ जना ८ कक्षा रु.२५००) | ७५०० |
| आशिरबाद इलाका (पारिजात/आशिरबादबाट १/१ जना एसईईमा रु.१००० र मढेलाबाट २ जना ८ कक्षा रु.५००० ) | १५००० |
| शान्तिबजार (शान्तिबजारबाट एसईई १ जना ५०००, कक्षा ८ मा १ जना र १ जना विहानी बजारबाट गरी रु.५००० ) | १०००० |
| बानियाभार (एसईई २ जना रु.१००००, कक्षा ८ १ जना २५००) | १२५०० |
| **जम्मा (एसईई ६ जना र कक्षा ८ मा ६ जना जम्मा १२ जना रु.** | ४५००० |

❖ **मोवाईल बैंकिंग तथा एस.एम.एस. सेवा** : संस्थाले सदस्यहरुलाई कारोवार गर्न मोवाईल बैंकिङ्ग तथा मोवाइल एप्स र एसएमएस बैकिङ्ग सेवा लागू गरी नवीन्तम प्रविधिको प्रयोगबाट सूचना प्रणालीलाई व्यवस्थापन गर्न प्रयत्न गरिएकोमा हाल यो सेवा प्रयोग कर्ताको संख्या ५५५ वटा रहेको छ । यस संख्यालाई आगामी वर्ष दोव्बर गरिनेछ ।

❖ **रेमिटान्स कार्यक्रम** : सदस्यको आवश्यकतालाई ध्यानमा राखी संस्थाका सबै सेवाकेन्द्रबाट रेमिट सेवा प्रदान गर्दै आइरहेकोमा यसलाई थप सरल तरिकाबाट सञ्चालन गर्न सेवाकेन्द्रले नै रेमिट सञ्चालन गर्ने प्रबन्ध मिलाइने छ । साथै वालेट सेवा समेत उपलब्ध गराउदै आएका छौं ।

❖ **ऋण लगानी** : विगत वर्षदेखि सदस्यहरुको व्यवसाय बृद्धि गर्न प्रोत्साहन होस् भन्ने उद्देश्यले विभिन्न शीर्षकहरुमा ऋणको सीमा करोड र अधिक्तम ऋण भुक्तानी अवधि १० वर्ष हुने गरी ऋण नीतिमा व्यवस्था गरी प्रदान गरिएको सेवालाई निरन्तरता दिइने छ। साथै २०८१ असार महिनामा भाखा नाघेको ऋण तथा पाउनु पर्ने ब्याज असुलीलाई प्रोत्साहन र सहुलियतका लागि हर्जना छुट गरिएको थियो। यसै गरी पुराना भाखा नाघेका रकम तिर्न बुझाउन सार्वजनिक सूचना जस्ता ऋण असुलीका कार्यक्रमहरु गरिएको थियो। आगामि वर्ष यस कार्यलाई अझ शसक्त बनाउदै लगिने छ। सदस्यले ऋण लिएर गरेको परियोजना विश्लेषण गरी सदस्यले उत्पादन गरेको उत्पादन अभिलेख तयार गरी राखिने छ। उत्कृष्ट ऋणी सम्मान कार्यक्रम गरिने छ।

❖ **सहकारी एकीकरण** : सहकारी अभियानलाई सफल पार्न विगतका वर्षहरुमा विभिन्न सहकारी संस्थाहरुसंग एकीकरण गर्न सफल भएको छ भने आगामी वर्ष यस कार्यक्रमलाई निरन्तरता दिन विभिन्न सहकारी संस्थाहरुसँग छलफल अगाडी बढाइने छ।

❖ **सुत्केरी बचत तथा सुत्केरी सुविधा** : संस्थाले महिला शेयर सदस्य गर्भवती हुँदा आर्थिक संकट नपरोस भन्ने उद्देश्यले सुत्केरी वचत खाताको व्यवस्था गरेको छ। यस खातामा रकम जम्मा गर्ने सदस्यलाई सदस्य राहत कार्यक्रम तर्फबाट दिईने रु. १,००० संगै ५०० थपेर सुत्केरी सदस्यलाई प्रदान गरी जन्मेको शिशुको नावालक खाता सञ्चालन गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ।

❖ **बचत बृद्धि कार्यक्रम** : देशमा देखिएको तरलता अभावको सिकार विश्वासिलो साकोस समेत भएकोमा बचत बृद्धि अभियानलाई गत साधारण सभाको निर्णय बमोजिम सदस्यबाट मासिक नियमित बचत रु. ३००।- का दरले बचत गर्ने , एक्मुष्ट प्रति कर्मचारीबाट रु ११,०००।-, समितिबाट प्रति व्यक्ति रु. ५५००।- र उपसमितिबाट २५००।–का दरले नियमित बचतमा थप गर्ने कार्यक्रम सञ्चालन गरियो। यसै गरी बचत बृद्धिलाई अझ सरल बनाउन आर्कषक ब्याजदर सहित आवश्यकता अनुसार बचत योजना थप गरी लागू गरिनेछ। यस वर्ष बैदेशिक रोजगार समृद्धि बचत खातालाई बचत बृद्धि अभियानको रुपमा अगाढी बढाइनेछ।

❖ **संस्थाको भौतिक सम्पतिको बिमा** : भविष्यको जोखिम न्युनीकरण संस्थाले भवन, फर्निचर, कम्प्युटर लगायत भौतिक सम्पति र संस्थाको केन्द्रीय कार्यालय लगायत सेवाकेन्द्र समेतको ढुकुटी, नगदको बिमा गरेको छ। सबै सेवा केन्द्रहरुमा सदस्य मैत्री वातावरण भएको कार्यालयहरु व्यवस्थित गरिने छ।

❖ **संस्था स्थापना दिवस** : संस्था स्थापना दिवसको अवसरमा मिति २०८१ जेठ ३ गतेका दिन ठाकुर बाबा मन्दिर परिसरको सरसफाई गर्दै बृक्षारोपण गरेर स्थापना दिवस मनाइएको थियो। यस वर्ष पनि संस्था स्थापना दिवसको अवसरमा विविध कार्यक्रम गरिने छ

❖ **कर्मचारी भर्ना** : मानव संसाधन नीति २०७८ बमोजिमको अधिनमा रही कार्यसम्पादनको आधारमा विभिन्न सुविधा तथा अवसरहरु प्रदान गरी संस्थाको आवश्यकता अनुसार कर्मचारी प्रोत्साहन गरिनेछ।

## आ.व. २०८०/०८१ मा तालिम, गोष्ठीमा सहभागी तथा आयोजना

| इलाका/ सेवाकेन्द्र | तालिमको नाम | मिति | सहभागी संख्या/ नाम | अवधि | आयोजक |
|---|---|---|---|---|---|
| ढोढरी | लेखा तथा सफ्टवेयर तालिम | २०८०।१०।२१ | २८ जना | १ दिन | विश्वासिलो साकोस |
| आशिरबाद | | २०८०।१२।२४ | १६ जना | | |
| केन्द्रीय कार्यालय | | २०८०।१०।०६ | २८ जना | | |
| | धितो निरिक्षण अनुगमन तालिम | २०८०।०४।२० | २७ जना | | |
| | सञ्चालक तथा कर्मचारी क्षमता अभिबृद्धि | २०८०।११।१९ | ६० जना | | |
| | समूह सञ्चालन तथा व्यवस्थापन तालिम | २०८०।११।०५ | ४५ जना | | |
| | सहकारी अवधारणा तथा सदस्य सम्बन्ध | २०८०।०६।१८ | २८ जना | | |
| | सिकलसेल एनमिया दिवसविशेष कार्यक्रम | २०८१।०३।०५ | ११९ जना | | |
| | संस्थापकहरुसंग अन्तरक्रिया | २०८०।१०।१२ | २४ जना | | |
| | वार्षिक समिक्षा | २०८१।०४।१५ | ३५ जना | | |
| | वार्षिक बजेट तथा नीति निर्माण गोष्ठी | २०८१।०३।१४ | ३६ जना | | |
| | चौमासिक समिक्षा | २०८०।०८।३० | १७ जना | | |
| | नेतृत्व पुर्व अभिमुखीकरण | २०८१।०४।३१-३२ | ९३ जना | २ दिन | |
| | स्थापना दिवस (बृक्षारोपण तथा सरसफाई) | २०८१।०२।०३ | ६० जना | १ दिन | |
| दिया | रक्तदान कार्यक्रम | २०८१।१०।१६ | ५८ जना | १ दिन | |
| सेवा केन्द्रहरु | सहकारी शिक्षा तथा विस्तारित मञ्च | विभिन्न मिति | १६२१ जना | १ दिन | |
| ढोढरी | व्यवसायिक योजना निर्माण तालिम | २०८०।११।०२-०५ | अनिल चौधरी | ४ दिन | सहकारी प्रशिक्षालय, बाँके |
| मिर्मिरे | सहकारी लेखा व्यवस्थापन तालिम | २०८०।०८।१९-२४ | इन्द्र कु. भरौरीया | ६ दिन | |
| आशिरवाद | नेतृत्व विकास तथा उद्घोषण तालिम | २०८०।१०।२५-२७ | लक्ष्मी चौधरी | ३ दिन | नारी एकता शक्ति केन्द्र, बर्दिया |
| भुरिगाउ | | | तारा कु. थारु | | |
| मढेला | | | निता चौधरी | | |
| ओराली | | | दिलमाया राना | | |
| केन्द्रीय कार्यालय | ऋण परामर्श तालिम | २०८०।११।१४ | चन्द्र प्रसाद रेग्मी | १ दिन | नेफ्सकुन |
| | व्यवस्थापकहरुको क्षमता अभिबृद्धि | २०८१।०१।१८-१९ | | २ दिन | राष्ट्रिय सहकारी बैंक |
| | पर्ल्स विश्लेषण | २०८०।०६।१०-१२ | ध्रुवराज सापकोटा | ३ दिन | नेफ्सकुन |
| | सहकारी सम्बन्धी प्रशिक्षक प्रशिक्षण | २०८०।०८।१२-१८ | | ७ दिन | सहकारी प्रशिक्षालय, बाँके |
| | व्यवसाय विकास सेवा परामर्स | २०८१।०१।०३-०८ | | ६ दिन | युएसएआईडी |
| | सदस्यको व्यवसाय विकास सेवा परामर्स | २०८१।०३।११-१२ | | २ दिन | |
| | सम्पति शुद्धिकरण निवारण सम्बन्धी | २०८०।०९।०६ | ध्रुवराज सापकोटा र विराट विक्रम शाह | १ दिन | नेपाल राष्ट्र बैंक |
| | वित्तिय विवरण प्रणाली | २०८०।०९।१९-२१ | | ३ दिन | नेफ्सकुन |
| | सहकारी व्यवसाय मार्फत कृषि तथा ग्रामिण विकास | २०८०।०६।१६-१९ | चित्र प्रसाद खनाल र प्रेम प्रसाद लम्साल | ४ दिन | टिक्ट्याब |
| | मिरा सफ्टवेयर अभिमुखीकरण | २०८१।०२।११ | चित्र प्रसाद खनाल र विराट विक्रम शाह | १ दिन | नेफ्सकुन |
| | लेखा सु. समितिको क्षमता अभिबृद्धि | २०८१।०१।२५-२६ | लोक प्र. उपाध्याय | १ दिन | |

**२. शेयर सदस्य सम्बन्धी विवरण :**

| क्र.स. | विवरण | गत वर्ष | यस वर्ष | आगामी वर्षको योजना |
|---|---|---|---|---|
| १ | महिला | १४९०० | १५१३० | २५,५०० |
| २ | पुरुष | ६०१२ | ६५६५ | १६,००० |
| ३ | समूहगत | ८७ | ११२ | ९,३८५ |
| **जम्मा** | | २०९९९ | २१८०७ | ११५ |

**३. गत साधारण सभादेखि २०८१ भाद्र मसान्तसम्म समिति, उपसमितिका वैठकहरु**

| | |
|---|---|
| सञ्चालक समिति | : ११ वटा |
| लेखा सुपरीवेक्षण समिति | : ४ वटा |
| ऋण उपसमिति | : १० वटा |
| शिक्षा उपसमिति | : १ वटा |
| कार्यमुलक व्यवस्थापन उपसमिति | : ३ वटा |
| कर्मचारी समीक्षा | : १० वटा |

**४) गत साधारण सभादेखि २०८१ भाद्र मसान्तसम्म सञ्चालक समितिले गरेका निर्णयहरु :**

| बैठक मिति | भएका मुख्य निर्णयहरु |
|---|---|
| २०८०।०७।१५ | २८ औं वार्षिक साधारण सभा सम्पन्न भएको प्रतिवेदन स्वीकृती र सञ्चालक सदस्य सविना थारुले दिनुभएको राजिनामा सञ्चालक समितिको बैठकबाट स्वीकृत गर्ने । |
| २०८०।०८।१९ | केन्द्रीय संघ तथा राष्ट्रिय सहकारी बैंकको साधारण सभाको लागि व्यक्तिहरुलाई प्रतिनिधि तोक्ने र श्वेतपत्र तथा सम्पति विवरण जारी गर्ने । |
| २०८०।०९।१८ | रक्तदान कार्यक्रम सञ्चालन गर्ने |
| २०८०।१०।०९ | समिति तथा उपसमितिलाई उपलब्ध गराउदै आएको बैठक भत्ता तथा यातायात खर्च घटाउने |
| २०८०।११।०९ | बचत र ऋणमा ब्याजदर विश्लेष गरी परिर्वतन गर्ने । |
| | भित्ते पात्रा छपाई गर्ने । |
| २०८१।०१।०३ | लेखा संयोजक देशु थारुज्युको असामयिक निधन भएकाले हार्दिक श्रद्धाञ्जली व्यक्त शोक प्रस्ताव पारित गर्ने र संयोजक पदमा हुन गएको रिक्ततामा लेखा सुपरिवेक्षण समितिका जेष्ठ सदस्य छबिलाल आचार्यलाई कार्यवाहक संयोजकको रुपमा जिम्मेवारी लिन अनुरोध गर्ने । |
| २०८१।०२।०९ | आ.व. २०८१।०८२ को बजेट निर्माण गर्न जिम्मेवारी तोक्ने । |
| २०८१।०३।११ | आ.व. २०८१।०८२ का लागि तयार गरिएको बार्षिक कार्यक्रम तथा बजेट र नीति सम्बन्धी अन्तरक्रियात्मक गोष्ठी आयोजना गर्ने । |
| २०८१।०३।३१ | विभिन्न कार्यक्रम तथा कार्यहरुका बिल भरपाई स्वीकृती गरी पेश्की फर्च्छौट गर्ने । |
| २०८१।०४।०९ | सेवा प्रदायहरुलाई सूचीकृत हुन सूचना प्रकाशन गर्ने, नेतृत्व पुर्व अभिमुखीकरण आयोजना गर्ने, इ-हाजिरी सफ्टवेयर सञ्चालन गर्ने र प्रदेश बचत संघमा सदस्यता लिने |
| २०८१।०५।०९ | ब्याजदर परिवर्तन गर्ने र २९ औं वार्षिक साधारण सभा आयोजना गर्ने । |

**५) गत साधारण सभाले निर्णय गरेका निर्णयहरु कार्यान्वयनको अवस्था :–**

सदस्य बृद्धि : ८०८ जना (१५% प्रगति)
शेयर पूँजी : रु. २०,५४,६०० (१३% प्रगति)
संस्थागत पूँजी बृद्धि : रु. २,१२,३०१ (३ % प्रगति)
बचत : रु. ४,६६,४३,५९८ (२६% प्रगति)
ऋण (लरर) : रु. ८,२१,८०,१७६ (२९% प्रगति)
ब्याज असूली (कुल आम्दानी) भएको : रु. ९२८४८०३०.७१ (६४ % प्रगति)
खर्च भएको : रु. ९१६५२३६९ (७६ % प्रगति)
भाखा नाघेको ऋण : ६ % कायम गरिएको ।
बचत, ऋण, आर्थिक, मानव संसाधन नीति संशोधन ।
कार्यालयमा आवश्यक पर्ने उपकरण तथा फर्निचरहरु खरिद ।
संस्थाको कार्यक्षेत्र भित्र रहेका विभिन्न बचत तथा ऋण सहकारी संस्थाहरुसँग एकीकरण गर्नका लागि छलफल भैरहेको ।
केन्द्रीय कार्यालयमा सभा हलको पुर्न निर्माण, सबै फाँट तथा कार्य कक्षहरुको व्यवस्थापन गरिएको ।


**सम्पन्न हुन बाँकी कार्यहरु**

कर्जा सदुपयोग उल्लेख्य रुपमा गर्न ।
सदस्य सन्तुष्टि सर्वेक्षण गर्न ।
लक्ष्य बमोजिम आयमुलक तालिम, सहकारी शिक्षा, वित्तिय शिक्षा, अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गर्न ।
प्रोवेसन ब्राण्ड ल्याउन ।

**६. कर्मचारी व्यवस्थापन संरचना र दरवन्दी**

संस्थाहरुलाई कुल सम्पति र कुल सदस्यहरुको आधारमा निम्न अनुसार वर्गीकरण गरी कर्मचारी व्यवस्थापन संरचना लागू गर्न सकिने छ ।

**साङ्गठनिक ढाँचा**



## आ.व. २०८१/०८२ का लागि कर्मचारी दरबन्दी

| पद | तह | संख्या | पद | तह | संख्या | पद | तह | संख्या |
|---|---|---|---|---|---|---|---|---|
| प्र.का. अधिकृत | ८ | १ | सेवाकेन्द्र प्रमुख | ४ | ८ | फिल्ड सहायक | २ | १० |
| ऋण अधिकृत | ७ | १ | सेवाकेन्द्र प्रमुख | ३ | ६ | फिल्ड सहायक | १ | १० |
| प्राविधिक अधिकृत | ६ | १ | सेवाकेन्द्र प्रमुख | २ | ४ | श्रेणी विहिन | ० | १३ |
| लेखापाल | ५ | १ | सहायक प्रमुख | ३ | २ | रात पाले सहयोगी | | १ |
| इलाका प्रमुख | ५ | ३ | सहायक प्रमुख | १ | १ | जम्मा | ६९ | |
| इलाका प्रमुख | ४ | १ | सहायक | ३ | ६ | | | |

**७. संस्था अनुगमन निरिक्षण भएको**

नेफ्सकुनबाट ४ पटक,

लुम्बिनी प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालउबाट १ पटक

**८. कर्मचारी तथा सञ्चालकहरुको क्षमता अभिबृद्धिका लागि सञ्चालन गरिने तालिम**

| | |
|---|---|
| इ-हाजिरी सञ्चालन अभिमुखीकरण | साउन दोस्रो साता |
| साधारण सभाको तयारी कार्याशाला गोष्ठी | साउन अन्तिम साता |
| सदस्य सेवा विकास परामर्स (उद्यमी तालिम) | नियमित |
| समूह सञ्चालन तथा व्यवस्थापन, बचत बृद्धि | असोज पहिलो साता |
| सुचना प्रविधि | असोज र फागुन पहिलो साता |
| नव निर्वाचित समितिको क्षमता विकास | कार्तिक अन्तिम साता |
| पर्ल्स विश्लेषण | मंसिर तेस्रो साता |
| लेखा व्यवस्थापन | पौष तेस्रो साता |
| ऋण व्यवस्थापन | माघ तेस्रो साता |

**९. आ.व. २०८१/०८२ मा गरिने कार्यक्रमहरु :**

| | | |
|---|---|---|
| वार्षिक समीक्षा | साउन तेस्रो साता | व्यवस्थापन प्रमूख |
| छात्रबृत्ति वितरण | भाद्र र बैशाख दोस्रो साता भित्र | व्यवस्थापन समूह |
| वार्षिक प्रतिवेदन छपाई | भाद्र मसान्त भित्र | कार्यदल |
| नीति निर्माण तथा पून:लेखन | असोज मसान्त भित्र | कार्यदल |
| वार्षिक साधारण सभा र समितिको निर्वाचन | असोज अन्तिम साता | सञ्चालक समिति |
| सदस्य सन्तूष्टी सर्वेक्षण | असोज मसान्त भित्र | कर्मचारीहरु |
| प्रथम त्रैमासिक आ.ले.प. | कार्तिक २० भित्र | लेखा समिति |
| उपसमिति पून:गठन | कार्तिक मसान्त भित्र | सञ्चालक समिति |
| विस्तारित मन्च र सहकारी तथा वित्तिय शिक्षा | हरेक महिना नियमित इलाकागत | शिक्षा उपसमिति, इलाका प्रमुख, ऋण अधिकृत |
| ऋण असूली प्रकृयामा जाने | नियमति मासिक रुपमा | ऋण अधिकृत, प्रमुख कार्यकारी अधिकृत र ऋण उपसमिति |
| स्वास्थ्य शिवीर | मंसिर दोस्रो साता | सम्बन्धित इलाका व्यवस्थापन उपसमिति |

| | | |
|---|---|---|
| रक्तदान कार्यक्रम | भाद्र, चैत्र | युवा परिचालन उपसमिति |
| सदस्य दूर्घटना बिमा नविकरण | कार्तिक ६ गते भित्र | सम्बन्धित कर्मचारी |
| अर्धवार्षिक समिक्षा | माघ दोस्रो साता भित्र | प्रमुख कार्यकारी अधिकृत |
| अर्धवार्षिक आ.ले.प. | माघ मसान्त भित्र | सूचीकृत दर्तावाला लेखापरिक्षक |
| भित्ते पात्रो छपाई | चैत्र १५ भित्र | कार्यदल |
| इलाका स्तरीय समिक्षा गोष्ठी | चैत्र मसान्त भित्र | इलाका व्यवस्थापन उपसमिति |
| पर्व विशेष कार्यक्रम | मंसिर, माघ, फागुन, चैत्र महिना | सम्बन्धित इलाका व्यवस्थापन उपसमिति |
| समूह प्रमूखहरुको गोष्ठी | फागुन र चैत्र मसान्त | इलाका प्रमुख र प्रमुख कार्यकारी अधिकृत |
| तृतिय त्रैमासिक आ.ले.प. | बैशाख २० भित्र | लेखा समिति |
| स्थापना दिवस विशेष कार्यक्रम | जेष्ठ ३ गते | अध्यक्ष |
| सम्मान पुरस्कार | स्थापना दिवस | कार्यदल |
| वार्षिक योजना तर्जुमा | ०८२ असार पहिलो साता | प्रमुख कार्यकारी अधिकृत |

अन्तमा, हामी शेयर सदस्य नै संस्थाका मेरुदण्ड हौं । सदस्यहरुको सक्रियता र निस्वार्थ सहभागिता विना संस्थाले ठोस उपलब्धी हाँसिल गर्न नसक्ने सबैलाई विदितै छ । यस संस्थाले २९ औं वर्ष पार गरिसकेको छ । संस्थालाई उचाईसम्म पुऱ्याउन हामी सबै शेयर सदस्य एकजुट भएर लाग्नुको विकल्प छैन् । यसैगरी संस्थाका कार्यक्रमहरुमा सहभागी भई संस्थालाई अझ उचाईसम्म पुऱ्याउन सबैको सहयोग र साथ रहने छ, भन्ने आशा लिएको छु । यसैगरी आगामी निर्वाचनबाट सवल सक्षम समितिको चयन होस । आगामी संचालकहरुमा आउनुहुनेलाई बधाई तथा सफल कार्यकालको शुभकामना सहित कार्यक्रम सफल पार्न सहयोग गर्नुहुने सबैमा हार्दिक आभार व्यक्त गर्दै बिदा हुन्छु । धन्यवाद

***जय सहकारी ।।***




# आ.व. २०८०/०८१ को यथार्थ र आ.व. २०८१/०८२ को अनुमानित बजेट



**सरिता चौधरी**
कोषाध्यक्ष

यस २९ औं वार्षिक साधारण सभाका सभापतिज्यू, प्रमुख अतिथिज्यू, तथा अन्य संघ संस्थाबाट पाल्नु भएका अतिथिज्यू, सञ्चालक समितिका सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समिति, अन्य उपसमितिका सदस्यज्यूहरु, संस्थाका कर्मचारीहरु तथा सम्पुर्ण सदस्यज्यूहरु सबैलाई मेरो सहकारी अभिवादन ।

आज हामी यस संस्थाको २९ औं वार्षिक साधारण सभामा उपस्थित भएका छौं । यस संस्था २९ औं वर्ष पारगरी ३० औं वर्षमा पाइला टेकी सकेको छ । अहिले हाम्रो संस्थामा २१,८३४ जना शेयर सदस्य रहेका छन् । यहाँहरुको यस्तै सहयोग र योगदान रही रहँदा संस्था दिनानु दिन प्रगतिको बाटोमा अगाडि जानेछ । आर्थिक, सामाजिक र साँस्कृतिक चेतनाको कमीले रुमलिएको हाम्रो समाजलाई यस क्षेत्रको एक आर्थिक धरोहर यस विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लि.ले सहकारी शिक्षाद्वारा जिवन पद्धती आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरण गरी अघि बढ्दै आएको छ र भविष्यमा यसै गरी सदस्यहरुले सहयोग र विश्वास गरेमा सहकारी र सदस्यको प्रगति हुने विश्वास लिएको छु । आगामि वर्षको लागि सहकारी तर्फको अनुमानित आय-व्यय विवरण तथा वासलात तपसिल बमोजिम पेश गरेको छु ।

विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लि. ठाकुरबाबा न.पा. वडा नं.८ मा मिति २०८१।०३।१४ मा भएको वार्षिक योजना बजेट तथा वार्षिक नीति सम्बन्धी समिक्षा कार्यक्रमबाट पारित गरी वार्षिक साधारण सभा समक्ष प्रस्तावित आ.व. २०८१।०८२ को वार्षिक अनुमानित कार्यक्रमहरु यस प्रकार प्रस्तुत गरिएको छ ।

| दायित्व | २०८०/०८१ को प्रस्तावित | २०८०/०८१ को यथार्थ | २०८१/०८२ को अनुमानित | प्रगति |
|---|---|---|---|---|
| शेयर पूँजी | ८५५००००० | ७१८०२४०० | ८५०२२००० | ८४% |
| जगेडा कोष | ५५०००००० | ४७८७५५०२.१४ | ५०२३२३३४ | ८७% |
| अन्य कोष | २०००००००० | १५५२४४०६.४९ | १६४४५००० | ७८% |
| कर्जा सुरक्षण कोष | २७०००००० | ३८५५८९९०.४१ | ३५३५०००० | १४३% |
| बचत बाँकी | ६५००००००० | ५१४८४५५८९.४ | ६९३८५६५०० | ७९% |
| बाह्य ऋण | ८०००००००० | १५४४३०९१.२५ | ४४६९७८९६.३७ | १९% |
| भुक्तानी दिनुपर्ने | २५००००० | २७५५९७१.०४८ | ६९४५५५.४२ | ११०% |
| अन्य दायित्व बाँकी | ३०००००००० | २८६९६७०७.२२ | १५७२७१९८.४५ | ९६% |
| **जम्मा दायित्व** | ९५००००००० | ७३५५०२६५८ | ९४२०२५४८४.२ | ७७% |

| सम्पति | २०८०/०८१ को प्रस्तावित | २०८०/०८१ को यथार्थ | २०८१/०८२ को अनुमानित | प्रगति |
|---|---|---|---|---|
| नगद मौज्दात | ३९००००० | २४६९४०० | १४०५४२७.४०५ | ६३% |
| बैंक मौज्दात | १००००००००० | ७४७४६०१० | ९०८००००० | ७५% |
| लगानी हिसाब | ५०००००० | २२०००२२ | २४५७९०० | ४४% |
| ऋण बाँकी (लरर) | ८२००००००० | ६२६३८५३१५ | ८३१३२०००० | ७६% |
| पाउनु पर्ने हिसाब | ६०००००० | १७७११५९ | २३२६६५० | २९५% |
| सम्पति सामान | १५०००००० | ११९३७११९ | १३५६५५०७.११ | ८०% |
| अन्य सम्पति | १००००० | ५३६३३ | १५०००० | ५४% |
| **कूल सम्पति** | ९५००००००० | ७३५५०२६५८ | ९४२०२५४८४.५ | ७७% |

## खर्च तर्फ

| विवरण | गत आ.व. २०७९।८० को यथार्थ | यस आ.व. २०८०।०८१ | | आगामी आ.व. २०८१।०८२ अनुमानित | उपलब्धी |
|---|---|---|---|---|---|
| | | प्रस्तावित | यथार्थ | | |
| मल खरिद | ३०४८२० | २२५००००० | ० | ० | |
| ढूवानी तथा ज्याला | ४४३३३३ | ५६७५०० | १०८८४७ | १३१००० | १९% |
| तलब तथा भ्रमण खच | २३३१४९५३ | २६४३५५५३ | २४३१३६३२ | २५४३७६२० | ९२% |
| घरभाडा | १६४०९३१ | १८१४१८४ | १६६६६८४ | १६८५८०० | ९२% |
| स्टेशनरी तथा मसलन्द खर्च | ८८५२६६ | १०००००० | ५८२३७८ | ९६५००० | ५८% |
| ह्रासकट्टी खर्च | २१५१८०५ | २२००००० | १८४८४३६ | २०३५००० | ८४% |
| संस्थाको सवारी, सम्पत्ति मर्मत सम्भार | १४१७८२ | ४०००० | ६५५२० | ८९००० | १६४% |
| इन्धन खर्च | ११७८७४ | २०००० | ६६५२८ | ४१४००० | ३३३% |
| बिजूली पानी खर्च | १८१९४२ | २३४५०० | २२२९०२ | १६६००० | ९५% |
| मोवाईल तथा टेलिफोन महसुल | ९६७८३ | १३३५०० | ११२५९० | १२३४०० | ८४% |
| ब्याज खर्च | ४३८२५५३१ | ५३२५०००० | ४१४७१०५३ | ५७०३९२३८ | ७८% |
| बचतमा ब्याज खर्च | ४०२५९६२६ | ४४८००००० | ३८७४८९९० | ५२०३९२३८ | ८६% |
| बाह्य ऋणमा ब्याज खर्च | ३५६५९०६ | ८४५०००० | २७२२०६३ | ५०००००० | ३२% |
| अन्य खर्च (विविध खर्च) | ११२१९२३१ | ५४६५२०० | १६४६४६३९ | ७२०८१०२ | ३०१% |
| हर्जानामा छुट | ३७०७९८ | ० | ९९०६८० | ० | |
| ऋणको ब्याजमा छुट खर्च | ३७०६९ | ० | ० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| लेखापरिक्षण शुल्क | १००००० | १२०००० | १२०००० | | १००% |
| अतिथि सत्कार | १९१२४१ | २२५५०० | १८४२० | ६१५०० | ८% |
| बैंक चार्ज र बाह्य ऋण सेवा शुल्क | १५४१७९ | ३१०५०० | ३३८७१ | १५६०० | ११% |
| मेस सञ्चालन र सरसफाइ खर्च | १३०२४७ | ७०००० | २२३२५ | ५६७५० | ३२% |
| ऋण धितो मुल्याङ्कन खर्च | ५०७६१ | १३७५०३ | ८३२९२ | ४०५००० | ६१% |
| ऋण असुली तथा अनुगमन खर्च | १९६६३१ | २६०००० | ३४८१५० | ५४०००० | १३४% |
| सदस्य दुर्घटना विमा खर्च | १२३०९३८ | १३७४००० | ११७५४५२ | १४०१९५० | ८६% |
| स्थिर सम्पत्ति, भल्ट काउन्टर विमा खर्च | २५९०६ | १६७००० | | २२८००० | ०% |
| इन्टरनेट र नेटवर्किङ्ग खर्च | ३०१५४४ | ३३३००० | २१०२२२ | २८३००० | ६३% |
| आ.ले.प. खर्च | ११६१७५ | १००००० | ९८२६५ | ९२००० | ९८% |
| सदस्यता नवीकरण खर्च | ६४२८६ | ७३४९७ | ६२९९७ | ६५५०२ | ८६% |
| सफ्टवयेर सञ्चालन खर्च | १८०३४८ | २५०००० | २३०७३८ | २०६००० | ९२% |
| मोवाइल एप्स सञ्चालन खर्च | | ७५००० | ० | ७७५०० | ०% |
| इमेल सर्भर खर्च | | २१००० | २१००० | २१००० | १००% |
| वेबसाइट सञ्चालन खर्च | | ३०००० | ३०००० | १०००० | १००% |
| इ-हाजिरी सफ्टवेयर शुक | | १००००० | १५००० | १००००० | १५% |
| व्यवसाय कर | १०१८५ | ० | २२०९१ | १९००० | |
| मोटरसाइकल नवीकरण खर्च | ० | ० | | ० | |
| खाताबन्दी खाजा र नास्ता | | ० | | | |
| समिति उपसमिति बैठक व्यवस्थापन खर्च | १६४८०३४ | १२८३२०० | १०११४४० | ६८०००० | ७९% |
| सञ्चालक कर्मचारी दुर्घटना विमा | ३५८५५ | ११०००० | १०८७३७ | २५२०००० | ९९% |
| धितो मुल्याङ्कन  खर्च | | | | | |
| ऋण असुली खर्च | | | | | |
| तालिम तथा गोष्ठी खर्च | ६७४७३ | २००००० | २१२००१ | १६८००० | १०६% |
| ऋण जोखिम खर्च | ५७६७९६० | ० | ११४०६१७९ | ० | |
| भित्ते पात्रो छपाई | २७८७४० | १७५००० | १३९८३८ | २१०५०० | ८०% |
| खाता बन्दीमा चिया खाजा खर्च | ३१४८० | | ८४८५ | २६८०० | |
| आवश्यक अन्य खर्च | २२९३८० | ५०००० | ९५४५६ | २०००० | १९१% |

| | | | | | |
|---|---|---|---|---|---|
| कार्यक्रम सञ्चालन खर्च | ४६७७२१२ | ७१३६००० | ४७२९१६१ | ७५८६००० | ६६% |
| व्यवसाय विकास परामर्स सेवा तथा उद्यमशीलता | ३२००० | ११०००० | | १००००० | ०% |
| वार्षिक साधारणा सभा खर्च | ४२२७३५४ | ५२००००० | ४४८९१४८ | ५३५३५०० | ८६% |
| वार्षिक तथा अर्धवार्षिक समीक्षा खर्च | ३०५० | ४५००० | १८६०० | १५०००० | ४१% |
| सहकारी तथा सदस्य शिक्षा तालिम | ० | ५५१००० | ४९१९५ | ४८०००० | ९% |
| स्वास्थ्य शिविर | ० | ५०००० | | ० | ०% |
| रक्तदान कार्यक्रम | २७३१५ | ५०००० | १७३३५ | ० | ३५% |
| पर्व विषेश कार्यक्रम (.............) | ५००० | २५००० | १५३०० | २००००० | ६१% |
| दिवस विषेश कार्यक्रम (..........) | ५१०० | ५०००० | ३०१५३ | ३००००० | ६०% |
| छात्रवृत्ति वितरण (................) | ० | २४०००० | १७५०० | १०७००० | ७% |
| समुह प्रमुख गोष्ठी | ४०२८५ | १२०००० | | १२५५०० | ०% |
| समितिको क्षमता अभिबृद्धि तथा प्रोवेशन कार्यक्रम | १५९५९७ | २१५००० | ९१९३० | २००००० | ४३% |
| साधारण सभाको तयारी कार्यशाला गोष्ठी | ० | | | १००००० | |
| योजना तर्जुमा | १७७५११ | १००००० | | २०००० | ०% |
| सम्मान पुरस्कार | | | | ३००००० | |
| अध्ययन अवलोकन भ्रमण | | ३२०००० | | १००००० | ०% |
| सदस्य सन्तुष्टि सर्वेक्षण | | ६०००० | | ५०००० | ०% |
| **जम्मा खर्च** | ८९००१४६३ | १२०७९६४३७ | ९१६५२३६९ | १०२८८०१६० | ७६% |

## आम्दानी तर्फ

| | | | | | |
|---|---|---|---|---|---|
| ऋणबाट प्राप्त ब्याज आम्दानी | ७५२८८४७६ | १०४०००००० | ७८८२४००७ | ११०१४९९०० | ७६% |
| मसलन्द शूल्क | ५५२५६३२ | ८२२५००० | ६००३६८६ | ८५९५००० | ७३% |
| हर्जना | ३२४४७०० | २९५०००० | २९५३२९२ | २३५०००० | १००% |
| लगानीबाट आम्दानी | १४७३९९ | २००००० | ६८८४ | ३००००० | ३% |
| अन्य आम्दानी | ४८४२८१६ | ४५४१००० | ५०६०१६३ | ६१६२२६० | १११% |
| अन्य आम्दानी | २३०५२४ | २५०००० | १९६८७३ | १५२००० | ७९% |
| मोबाइल इन्टरनेट चार्ज (आम्दानी) | ३६००० | ५०००० | ७७१५० | ३३४००० | १५४% |

| | | | | | |
|---|---|---|---|---|---|
| दस्तुरहरु | ४५०० | ५००० | १७५० | ० | ३५% |
| जग्गा भाडा | १८००० | १८००० | १८००० | २०००० | १००% |
| मोबाइल बैंकिङ्ग सेवा शूल्क | | | | | |
| बैंक ब्याज आम्दानी | ४४३१७५७ | ३३०२००० | ३९११४३६ | ५००२२६० | ११८% |
| रेमटि/वालेट कमसिन | ६४०६४ | १००००० | ६००२३ | ८६००० | ६०% |
| फाइल | २८६९५ | ११६००० | २२४०० | ५४००० | १९% |
| पासबूक | ४११४ | ० | ६६५ | १४००० | |
| विमा कमिसन आम्दानी | २५१६२ | ७००००० | ७७१८६५ | ५००००० | ११०% |
| रसायनिक मल बिक्रिबाट | ३५८००० | २५८७५००० | | ० | ०% |
| ऋण जोखिम आम्दानी | ० | ० | | ० | |
| **जम्मा आम्दानी** | ८९४०७०२२ | १४५७९१००० | ९२८४८०३१ | १२७५५७१६० | ६४% |
| **कुल नाफा/घाटा** | ४०५५५९ | २४९९४५६३ | ११९५६६२ | २४६७७००१ | ५% |

अन्तमा प्रस्तावित बजेट तथा कार्यक्रमको सफलतापूर्वक कार्यान्वयनका लागि यहाँ सदस्य ज्यूहरुको सक्रिय सहभागिताको अपेक्षा राख्दै व्यक्तिगत महत्वकांक्षा भन्दा माथि उठि संस्थागत विकासमा एक ढिक्का हुनु हुनेछ भन्ने विश्वासका साथ प्रस्तावित बजेटमाथि बृहत छलफलगरी सर्व सहमत रुपले पारित गरिदिनु हुनु हार्दिक अनुरोध गर्दै आगामी संचालकहरुमा आउनुहुनेलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै बिदा हुन चाहन्छु । धन्यवाद ।।

***जय सहकारी ॥***

**यो महिनासम्मको नियमित (मासिक) बचत गर्नुभयो ?**
**यदि गर्नुभएको छैन भने आजै संस्थामा गई नियमित (मासिक) बचत गर्नुहोस् र असल शेयर सदस्यको परिचय दिनुहोस् ।**

# ऋण उप-समितिको प्रतिवेदन २०८०/०८१



**शिवलाल खत्री**
ऋण उप-समिति
संयोजक

यस २९ औं बार्षिक साधारण सभाका सभा अध्यक्ष ज्यू , प्रमुख अतिथि ज्यू, बिभिन्न कार्यालय संघ संस्था बाट हाम्रो निम्तोलाई स्वीकार गरी पाल्नु भएका अतिथि ज्यूहरु संस्थाका मालिक आदरणीय शेयर सदस्य ज्यूहरु सञ्चालक समितिका साथिहरु लेखा सुपरिवेक्षण समितिका साथीहरु पत्रकार सुरक्षाकर्मी संस्थाका सम्पुर्ण कर्मचारी मित्रका साथै शुभ चिन्तक महानुभावहरुमा संस्था र मेरो व्यक्तिगत तर्फबाट हार्दिक नमन । जय सहकारी ॥

विश्वासिलो बचत तथा ऋण सहकारी संस्था २०५२ सालमा स्थापना भएर अहिले हामि संस्थाको २९ औ वार्षिक साधारण सभा मनाई रहेका छौं । यसका साथ साथै सदस्यको आर्थिक सामाजिक र सांस्कृतिक रुपान्तरणका लागि सदस्यमुखी कार्यक्रमलाई सदस्य मार्फत जनता समक्ष पुर्याउने जमर्को गरेका छौं । यस संस्थाको कार्यक्षेत्र बर्दिया जिल्लाका ८ वटै पालिकाहरु र बाँके जिल्लाका ३ वटा पालिकाहरुमा विशेष गरी गरिब निमुखा विपन्न वर्गका जनताहरुमाझ सेवा दिने हिसाबले २२ वटा सेवाकेन्द्र स्थापना गरी सेवा दिने काम विश्वासिलो बचत तथा ऋण सहकारी संस्थाले गर्दै आएको छ ।

हाल संस्थाले आफ्ना सेवाहरूबाट सदस्यहरूको सुरक्षाको लागि सहकारी ऐन-२०७४ तथा नियमावली २०७५ को अधिनमा रही, ऋण माग गर्ने सदस्यको व्यवसाय विस्तारका लागि नवीनतम उद्यमशीलतामा जोड दिदै ऋणको उद्देश्य र 5C मापन गरी स्थलगत निरीक्षणका आधारमा ऋण लगानी गर्दै आएका छौं ।

## ऋणको सिमा तथा लगानी

यस संस्थाले शेयर सदस्यहरुको आवश्यकता मध्यनजर गर्दै ऋण लगानीको सिमालाई अधिकतम प्राथमिक पूँजी कोषको १० प्रतिशत सम्म पुऱ्याएको छ, भने ऋण लगानी प्रकृयालाई सरल, सहज, छिटो र प्रभावकारी बनाउन १० लाख सम्म इलाकाबाट, २५ लाख सम्म इलाका व्यवस्थापन उपसमितिको सिफारिसमा ऋण उप-समितिले र २५ लाख भन्दा माथिका ऋण फाइलहरु ऋण उप-समितिको सिफारिसमा सञ्चालक समितिले स्वीकृत गर्ने प्रावधानलाई कार्यान्वयनमा ल्याएका छौं । यस संस्थामा ऋण लगानी र असुली प्रकृयालाई प्रभावकारी बनाउन आवश्यकता अनुसार बैठक बस्ने गरिएको छ र ऋण उप-समितिको बैठक महिनामा दुई पटक बसी ऋण स्वीकृत र सिफारिस प्रकृयालाई निरन्तरता दिएका छौं, संस्थाले विश्वासिलो समृद्ध किसान महिला उद्यमी कार्यक्रम अन्तरगत रहेर महिला शेयर सदस्यहरुका लागि समूह जमानी राखी बिना धितो २ लाख सम्म ऋण

प्रवाह गर्दै आएका छौं, र शेयर सदस्यहरुलाई ऋण लिन सहज होस् भन्नको लागि व्यापारीक समूह र ग्रामीण विश्वासिलो समूह बनाई पनि शेयर सदस्यहरुलाई ऋण लगानी गर्ने नीतिगत व्यवस्था मिलाइएको छ, ५ लाख भन्दा माथिको धितोको हकमा संस्थागत मुल्याकनकर्ता नियूक्ति गरी ऋणको सुरक्षण बापत मालपोत कार्यालयबाट धितो बन्धक रोक्का गर्ने गरिएको छ, साथै १० लाख सम्मको ऋणको हकमा संस्थाले ऋण बिमा कार्यक्रम पनि संचालन गर्दै आएको कुरा जानकारी गराउँदछौं ।

## कार्य सम्पादन

आ.व.२०७९/०८० मा कुल ऋणी संख्या ८३५९ जनालाई ५४४२०५१३८।८ ऋण लगानी रहेको थियो भने, यस आ.व.२०८०/०८१ मा कुल ऋणी संख्या ६७५२ जना जसमा महिला ५३३६ जना पुरुष १४१६ जनालाई ६२६३८१०७३।६९ ऋण लगानी गरिएको छ । २०८०/०८१ अषाढ मसान्त सम्मको भाखा नाघेको ऋण तपाईहरुको साथ र सहयोगले ९.०९ प्रतिशत सम्म असुल गर्न सफल भएका छौं भने आगामी दिनहरुमा तपाईहरुको साथ र सहयोग रहिरहेमा ५ प्रतिशत भन्दा कम गर्न सकिने कुराको समेत जानकारी गराउँदछु ।

## अनुरोध

यस संस्थालाई यहाँ सम्म ल्याउनमा हाम्रा सम्पुर्ण शेयर सदस्य ज्यूहरुले ठुलो भुमिका खेल्नुभएको कुरा यो संस्था र हामी कहिल्यै भुल्ने छैनौ, तर पनि कता कता ऋण उप-समितिको संयोजक भएकाले तपाईहरुले लग्नु भएको ऋण सही ठाउँमा सदुपयोग गरीदिनु भएन या लिएको ऋण तिर्न पर्ने समयमा तिरिदिनु भएन भने भोलिका दिनहरुमा संस्थाले तपाईहरुलाई दिने शेयर बोनस, ब्याज, संरक्षित पूँजी कोष सोचे जस्तो धेरै आफ्ना शेयर सदस्यहरुलाई बाड्न सकिएन भने तपाई हामीले सोचे जस्तो सहकारी संस्था बनाउन नसकिने कुराको समेत जानकारी गराउदछु , त्यसैले आफुले लिएको ऋणको ब्याज र किस्ता समयमै तिरी तपाई हाम्रो यात्रा युगौं युग सम्म यस संस्थालाई प्रदेशकै नमूना सहकारी बनाउन र एउटा असल ऋणीको रुपमा परीचय दिनहुन अनुरोध गर्दछु ।
धन्यवाद ।

अन्तमा यस संस्थालाई सहयोग पुर्याउने सहकारी विभाग, छाता संगठन, मालपोत कार्यालय, नापी कार्यालय, स्थानीय तह, संघ संस्था, धितो मुल्याङ्कनकर्ता कन्सल्टेन्सीहरु, शेयर सदस्य ज्यूहरु, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, उपसमितिहरु शुभ चिन्तकहरु र कर्मचारीहरु सबै सबैमा ऋण उप-समितिको तर्फबाट धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

***जय सहकारी ॥***

# लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन आ.व. २०८०।०८१



**छविलाल आचार्य**
लेखा सुपरिवेक्षण समिति
कार्यवाहक संयोजक

२९ औं वार्षिक साधारण सभाका अध्यक्षज्यू, यस सभाका प्रमुख अतिथिज्यू, विभिन्न कार्यालय, संघ संस्थाबाट पाल्नु भएका अतिथिज्यूहरु संस्थाका मेरुदण्ड आदरणीय शेयर सदस्यज्यूहरु, केन्द्रीय प्रतिनिधिज्यू, सञ्चालक समितिका मित्रहरु तथा लेखा सुपरिवेक्षण समितिका सदस्यूहरु, पत्रकार, सुरक्षाकर्मी, संस्थाका सम्पूर्ण कर्मचारी वर्ग र शुभचिन्तक महानुभावहरुमा संस्था र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवं सहकारी अभिवादन । यस वर्षको विश्वव्यापी रुपमा फैलिरहेको कोरोनाको महामारीले विश्व अर्थतन्त्रका साथसाथै नेपालको अर्थतन्त्रलाई समेत प्रभावित गरी जनजीवन नै अस्तव्यस्त बनाएको सवैमा सर्वविदितै छ । यसबाट हाम्रो संस्था पनि अछुतो रहन सकेन । यस किसिमको विषम परिस्थितीमा नेपाल बन्दाबन्दीको समयमा पनि संस्थाले कर्मचारीहरुलाई परिचालन गरी सम्बन्धित कर्मचारीहरुको घरबाट वित्तीय सेवा दिइएको थियो, भने अत्यावश्यक अवस्थामा सदस्यहरुकै घरदैलोमा गई संस्थाबाट दिइने सेवा सुविधा दिनबाट संस्था पछि नपरेको जानकारी गराउन चाहन्छु । यस गरिमामय साधारण सभासमक्ष लेखा सुपरिवेक्षण समितिको तर्फबाट आ.व. २०८०/०८१ को आन्तरिक लेखा परीक्षण प्रतिवेदन पेश गर्न गईरहेको अनुरोध गर्न चाहन्छु ।

**क) अघिल्लो साधारण सभाको निर्णय कार्यान्वयनको अवस्था :-**

२९ औं वार्षिक साधारण सभाले पारित गरेका निर्णयहरु मध्ये अधिकांश निर्णयहरु कार्यान्वयन भई पुरा भई सकेका र केही पुरा हुन नसकेका निर्णयहरुलाई पनि पुरा गर्न सुझाव दिईएको छ ।

**ख) आ.व.२०८०।२०८१ मा यस सञ्चालक समितिका १३ वटा वैठक बसि विभिन्न संस्थागत हितका निर्णयहरु गरी कार्यान्वयन भएको तर तपसिल बमोजिमका निर्णयहरु कार्यान्वयन नभएको पाइयो ।**

१) ऋण असुली उल्लेख हुन नसकी भाखा नाघेको ऋण ५ प्रतिशत भन्दा कम हुन नसकेको ।

**ग) ऋण लगानीको प्रक्रिया, ऋण बापतको सुरक्षण वा धितो सम्बन्धि व्यवस्था :-**

ऋण लगानीको प्रक्रिया ऋणनीति बमोजिम भइरहेको र सुरक्षण सम्बन्धमा तपसिल बमोजिमको प्रक्रिया रहेको छ ।

**अ. सदस्यले दिने सुरक्षण :-**

१ आफ्नो बचत धितो

२ समूह तथा कार्यालयको बचत धितो

३ अन्य सदस्य समितिको बचत धितो

४ जग्गा धितो

**आ. संस्थागत सुरक्षण :** संस्थाले लगानी गरेको सुरक्षणका लागि तपशिल बमोजिमको व्यवस्था गरिएको छ ।

१) भाखा नाघेको रकममा असल ऋणको लागि व्यवस्था १ प्रतिशत, १ वर्ष भित्र भाका नाघेको ऋण ३५ प्रतिशत र १ वर्ष भन्दा बढी भाका नाघेको ऋण १०० प्रतिशत

२) सहकारी विभागबाट जारी भएका मापदण्डहरुको पालना सम्बन्धि विवरणः सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना संस्थाले राम्रोसंग गरेको पाईयो ।

३) यस वर्ष नेफ्सकुनबाट ४ पटक, लुम्बिनी प्रदेश सहकारी दर्ता अधिकारीबाट १ पटक निरिक्षण भएको पाईयो ।

**६) पदाधिकारीहरुको पारीश्रमिक भत्ता र अन्य सुबिधाको विवरण :**

६.१ पारीश्रमिक

६.२ भत्ता अध्यक्ष प्रतिबैठक २८५० बढिमा वर्षमा १५ बैठक, उपाध्यक्ष, सचिब र कोषाध्यक्ष रु.२१००, सदस्य रु.१६०० ले.स समिती संयोजक प्रति बैठक रु २८५०, सदस्य रु.१६०० (वर्षमा ४ बैठक) उ.स प्रति बैठक संयोजक र सदस्य रु.१०००।–

**७) कर्मचारी प्रशासन :**

७.१ मानव संशाधन नीति भएको ।

७.२ कर्मचारी प्रशासन नीति भएको र प्रयोगमा आईरहेको ।

७.३ भर्ना प्रक्रिया र पारदर्शिता कायम रहेको ।

७.४ कर्मचारीको कार्यबोझ पुरा हुन नसकेको ।

७.५ हालको व्यवस्थापन प्रमुखको योग्यता र तलब सुविधा

योग्यता= एम.वि.एस. (स्नातकोत्तर) पास,

अनुभव = १९ वर्ष,

मासिक तलब स्केल =रु.४५,७२९।–

**७.६ कर्मचारीको सख्या :** जम्मा ६५ जना,

नियमित ३०,

कार्यगत ३४,

समयगत (प्रशिक्षार्थी) : १

**८) लेखा समितिले दिइएका सुझाव कार्यान्वयनको अवस्थाः**

लेखा समितिले दिएका सुझाबहरु कार्यान्वयन भएको ।

